बैठक संख्या : ११ स्थान : राप्ती न.पा.नगर कार्यपालिकाको कार्यालय (सभाहल)

मिती : २०७४।६।३० गते समय : साझ ५:०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : कार्यकारी अधिकृत श्री मिठाराम हुमागाई

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

**प्रश्तावहरु :**

१. सञ्चालित योजना तथा कार्यक्रमकव प्रगति समिक्षा सम्बन्धमा ।

२. विषयगत शाखाबाट शाखागत प्रस्तुती ।

३. पूर्ण खोपयुक्त वडा घोषणा सम्बन्धमा ।

४. गैर सरकारी संघ संस्थाबाट संचालन गरिने कार्यक्रममा सम्बन्धमा ।

५. नगरपालिकाको प्रबक्ता तोक्ने सम्बन्धमा ।

६. निःशुल्क आँखा शिविर सञ्चालन गर्ने सम्बन्धमा ।

७. क्षमता विकास सम्बन्धि तालिम सञ्चालन गर्ने सम्बन्धमा ।

८. प्रथम र दोस्रो चौमासिकमा सञ्चालन गर्ने योजना सम्बन्धमा ।

९. करारमा कार्यरत तपसिल कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

- क.अ. श्री रमेश चौधरी
- प्रा.स. श्री रामशरण थपलिया
- ग्रा.स. श्री ललिता तिमिल्सिना
- ड्राइभर श्री विश्वास कुवर
- का.सरसफाई कर्मचारी श्री दिनेश गिरी

१०. विविध

निर्णय नं. १ नगर कार्यपालिकाबाट यस अघि निर्णय गरिएका योजना तथा कार्य सञ्चालन सम्बन्धमा भएका कार्य प्रगतीको बारे सहभागी सबैबाट आफ्नो धारण प्रस्तुत भयो । गत श्रावण अन्तिम हप्तामा परेको भिषण बर्षातबाट पर्न गएको विपत व्यवस्थापनमा गरिएका खर्चको एकिन गरी अर्को बैठकमा पेश गर्न र फोहोर व्यवस्थापन सम्बन्धी कार्य शिघ्र अघि बढाउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. २ विषयगत शाखाहरु (शिक्षा, कृषि, पशुपंक्षी सेवा, आयुर्वेद, बन) बाट भइ रहेको कार्य बारे जानकारी लिइयो र समयमा नै छिटो छरितो र पारदर्शी रुपमा कार्य सम्पन्न गर्न निर्देशन दिने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ३ पूर्ण खोपयुक्त वडा घोषणा सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको वडा नं. ७, ८ र ९ मा मिती २०७४।७।११ र वडा नं.४, ५ र ६ मा मिती २०७४।७।१३ गते पूर्ण खोपयुक्त वडा घोषणा कार्यक्रम आयोजना गर्न रु २०/२० हजार उपलब्ध गराउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ४ गैर सरकारी संघ संस्थाबाट संचालन गरिने कार्यक्रम सम्बन्धमा छलफल हुँदा राप्ती नगरापालिकामो आफ्नै बजेटबाट कार्यक्रम सञ्चालन गर्न आउने गैर सहकारी संस्थाहरुको उदेश्य कार्य प्रक्रिया बजेट तथा कार्यक्रम माग गरी वडा कार्यालय सँग समन्वय गरी कार्य सञ्चालन गर्न अनुमती दिने र नगरपालिकाको लागत सहभागिता सहित योजना कार्यक्रम सञ्चालन गर्न चाहाने गैर सहकारी संस्थाको प्रस्ताव सम्बन्धमा नगर कार्यपालिकाको बैठकमा पेश गरी कार्य प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. ५ नगरपालिकाको प्रबक्ता तोक्ने सम्बन्धमा आगामी बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ निःशुल्क आँखा शिविर सञ्चालन गर्ने सम्बन्धमा छलफल हुदा सपोर्ट एन केयर रिहाविटेशन सेन्टरबाट यस नगरपालिकामा निःशुल्क आखा शिविर सञ्चालन गर्न प्रस्ताव आएकोले मिति २०७४ कार्तिक १६ गते राप्ती नगरपालिकामा वडा नं. ११ यौरालीटारमा गर्न सो संस्थालाई आग्रह गर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ७ क्षमता विकास सम्बन्धि तालिम सञ्चालन गर्ने सम्बन्धमा छलफल हुदा नगरपालिका कार्यालयले आवश्यकता अनुसार नगर कार्यपालिकामा टोल विकास संस्थाका पदाधिकारी, उपभोक्ता

समिति आदिको लागि क्षमता विकास सम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्दै जाने सर्व सम्वत निर्णय गरियो ।

निर्णय नं. ८ प्रथम र दोस्रो चौमासिकमा सञ्चालन गर्ने योजना सम्बन्धमा छलफल हुदा नगरपालिकाबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमलाइ छिटो भन्दा छिटो सञ्चालन गरी गुणस्तरीय पारदर्शी रुपमा सम्पन्न गराउन आवश्यक भएकोले वडामा विनियोजित बजेटबाट सञ्चालन हुने योजना मध्ये कुल बजेटको दुइ तिहाइ रकमबाट सञ्चालन गरिने योजनाको प्राथामिकता तोकी २०७४ कार्तिक ८ गते भित्र वडा अध्यक्षले नगरपालिकामा पेश गर्न सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं.९ करारमा कार्यरत तपसिल कर्मचारीहरुको म्याद थप सम्बन्धमा राप्ती नगरपालिकामा करारमा कार्यरत देहायका कर्मचारीहरुको करारको म्याद २०७४ आश्विन मसान्तमा समाप्त हुने भएकोले साविक सेवा शर्त र सुविधा कायम रहने गरी २०७४।७।१ देखि २०७४ पौष मसान्त सम्मको लागि करार सम्झौता गरी काममा लगाउने सर्व सम्मत निर्णय गरियो ।

१. कम्प्यूटर अपरेटर श्री रमेश चौधरी

२. प्राविधिक सहायक श्री रामशरण थपलिया

३. ग्रामिण सहजकर्ता श्री ललिता तिमिल्सिना

४. ड्राइभर श्री विश्वास कुवर

५. कार्यालय सरसफाइ कर्मचारी श्री दिनेश गिरी